# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५८) काठमाडौं, जेठ ६ गते २०६५ साल (अतिरिक्ताङ्क ४क

## भाग २

नेपाल सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

नेपाल सरकारबाट जारी भएको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६५ सालको अध्यादेश नं. २

### विभूषण ऐन, २०६४ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावनाः विभूषण ऐन, २०६४ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन वा बैठक नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम नेपाल सरकारले यो अध्यादेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "विभूषण (पहिलो संशोधन) अध्यादेश, २०६५" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

165

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. विभूषण ऐन, २०६४ को दफा १६ मा संशोधनः विभूषण ऐन, २०६४ को दफा १६ को उपदफा (१) को खण्ड (ड) पछि देहायको खण्ड (ढ) थपिएको छः–

"(ढ) संविधान सभा निर्वाचन पदक ।"

प्रमाणीकरण मितिः २०६५।२।१५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.हु.द.न. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।